केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०८/०६८/६९ मितिः २०६८/०६/०४

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. ६/०६८ को बुँदा नं. (२) को खण्ड (ट) मा भएको विद्यमान व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएकोछ :-

*"(ट) बैंक तथा वित्तीय संस्थाका व्यवसायिक संचालक वा निजको परिवारले सम्बन्धित संस्थाको संस्थापक शेयर धारण गर्न हुदैन । तर यस पूर्व यस्तो शेयर लिइसकेको भएमा यो परिपत्र जारी भएको मितिले बढीमा एक वर्षभित्र नियमित गरिसक्नु पर्ने छ ।"*

(२) विभिन्न पत्रपत्रिकाहरुमा कम शुल्कमा बैंक ब्यालेन्स सर्टिफिकेट उपलब्ध गराइने छ भनी विज्ञापन प्रकाशित हुने गरेको र यस्तो कार्य प्रचलित कानुन बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु बाहेक अन्य व्यक्ति वा संस्थाले गर्न नपाउने व्यवस्था रहेको हुँदा बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुलाई यस किसिमको विज्ञापन प्रकाशित गरी बैंक बैलेन्स सर्टिफिकेट उपलब्ध गराउने कार्य नगर्ने/नगराउने व्यवस्था गर्न यो निर्देशन जारी गरिएको छ । यदि यसरी विज्ञापन प्रकाशन गराई बैलेन्स सर्टिफिकेट जारी गर्ने गराउने कार्यमा बैंक तथा वित्तीय संस्थाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको पाइएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(३) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. ८/०६८ को बुँदा नं. ३ को खण्ड (१) मा उल्लिखित *"तर, कर्जा सूचना केन्द्र लि., Nepal Clearing House Ltd. र National Banking Training Institute को शेयरमा लगानी गर्दा माथि उल्लेख भए अनुसारको लगानी समायोजन कोष खडा गर्नु पर्ने विद्यमान व्यवस्थामा छुट प्रदान गरिएको छ"* भन्ने व्यहोरालाई देहाय बमोजिम संशोधन गरिएकोछ :-
*"तर, ग्रामीण विकास बैंक, रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर (RMDC), कर्जा सूचना केन्द्र लि., Nepal Clearing House Ltd. र National Banking Training Institute को शेयरमा लगानी गर्दा माथि उल्लेख भए अनुसारको लगानी समायोजन कोष खडा गर्नु पर्ने विद्यमान व्यवस्थामा छुट प्रदान गरिएको छ ।"*

(४) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले Automated Teller Machine (ATM) हरुमा CCTV क्यामेरा लगायत अन्य सुरक्षा सम्बन्धी प्रवन्धहरु अनिवार्य रुपमा गर्नु गराउनु पर्ने छ ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

(५) यस बैंकबाट मिति २०६८।४।१२ मा जारी परिपत्रबाट इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्गमा प्रवाह गर्नु पर्ने कर्जाको अनुपात ०.५ प्रतिशतले वृद्धि गरिएकोमा उक्त व्यवस्था बमोजिम चालु आर्थिक वर्षमा वृद्धि गर्नुपर्ने ०.५ प्रतिशत मध्ये ०.२५ प्रतिशत २०६८ पौष र ०.२५ प्रतिशत २०६९ आषाढसम्ममा वृद्धि गरी तोकिएको अनुपात कायम गर्न सकिने गरी छुट प्रदान गरिएको छ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।